ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २१७

२८ बैशाख २०८० बिहीबार

11 May. 2023, Thursday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## पुरानो भुक्तानी नगरिए बजेट अधिवेशन चल्न नदिने निर्माण व्यवसायीको चेतावनी

**दिपक कर्ण**

**बैशाख २७ गते, जनकपुर**

निर्माण व्यवसायीहरुले प्रदेश सरकारसँग आफूहरुको पुरानो भुक्तानी यथाशीघ्र गर्न माग गरेका छन् ।

निर्माण व्यवसायी संघ धनुषाले आफूहरुको पूरानो बक्यौता रकम यथाशीघ्र भुक्तानी नगरिए बजेट अधिवेशनसमेत चल्न नदिने चेतावनी दिएको छ ।

अर्थमन्त्री सञ्जयकुमार यादवले आफूहरुसँग भेटघाट गर्नसमेत नमानिरहेको संघका अध्यक्ष अशोक चौधरीले गुनासो गरे ।

अर्थमन्त्री यादवले भेट गर्ने आश्वासन दिएर आफूहरुलाई कार्यालयमा बसाई भेटघाट नै नगर ी त्यहाँबाट निस्कने गरेको उनको गुनासो छ ।

बाटोमा भेट्दा एकछिन हाम्रो कुरा सुनिदिनुस् भनेपछि अर्थमन्त्री यादवले तपाईंहरुलाई मेरो गाडी रोक्ने अधिकार कसले दियो भन्दै उल्टै अमानवीय व्यवहार प्रदर्शन गरेको उनको दु:खेसो छ ।

अध्यक्ष चौधरीले मधेस सरकारले आफूहरुको समस्या नै नबुझेको आरोप लगाएका छन् ।

मुख्यमन्त्री सरोजकुमार यादवले बिहीबार बस्ने मन्त्रिपरिषदको बैठकबाट समस्या समाधान हुने आश्वासन दिएको बताउँदै उनले त्यसपछि पनि समस्या समाधान नभए बजेट अधिवेशनसमेत चल्न नदिने चेतावनी दिए ।

यस सम्बन्धमा अर्थमन्त्री यादवले निर्माण व्यवसायीको भुक्तानीका लागि सरकारले छलफल गरेर निकास दिइसकेको र अब नियमावली संशोधन भई आवश्यक प्रक्रिया पुर्‍याएर दुई/तीन दिनभित्र समस्या समाधान हुने आश्वासन दिएका छन् ।

उनले आगामी बजेटको मार्गदर्शन सिद्धान्तहरुमाथि पनि छलफल भएको जानकारी दिए । आगामी बजेटमा शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रहरुलाई प्राथमिकतामा राखेर सोही हिसाबले सरकारको नीति तथा कार्यक्रम




निर्माणमा लाग्ने सरकारको तयारी रहेको उनले बताए ।

विगतमा देखिएका भुक्तानी समस्या यस आर्थिक वर्षमा नदेखियोस् भन्ने हिसाबले सम्बन्धित मन्त्रालयले आफ्ना विभागीय कार्यालयहरुलाई पूर्वजानकारी दिइसकेको र भुक्तानीको उचित प्रबन्ध मिलाउन निर्देशन दिइएकोसमेत उनले बताए ।

## बालकृष्ण खाणलाई पार्टीबाट निलम्बन गर्ने तयारीमा कांग्रेस

**खबर दर्पण समाचारदाता**

**बैशाख २७ गते, काठमाडौं**

नेपाली कांग्रेसले नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका बालकृष्ण खाणलाई पार्टीबाट निलम्बन गर्नेबारे छलफल गरेको छ । कांग्रेस सभापति शेरबहादुर देउवा निवास धुम्बाराहीमा बुधबार बसेको पदाधिकारी बैठकमा यसबारे छलफल भएको एक नेताले जानकारी दिए ।

उक्त प्रकरणमा खाण बुधबार बिहान पक्राउ परेपछि अपराह्न बसेको पदाधिकारी बैठकमा उपसभापति पूर्णबहादुर खड्काले खाणको पक्राउपछिको पार्टीको र णनीतिबारे ब्रिफिङ गरेका थिए । बैठकमा उपसभापति धनराज



गुरुङ, महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्मा लगायतले पार्टीका केन्द्रीय सदस्य खाणलाई निलम्बन गर्नेपर्नेमा जोड दिएका थिए भने सहमहामन्त्री महेन्द्र यादवले उनलाई षड्यन्त्र पूर्वक पक्राउ गरिएको बताएका थिए ।

पार्टी प्रवक्ता प्रकाशशरण महतका अनुसार बिहिबार दिउँसो २ बजे पार्टीका पदाधिकारी र पूर्व पदाधिकारीसहितको बैठक बसेर निलम्बन बारे निर्णय गर्नेछ ।

## 'सुत्केरी व्यथा बिसाउन अब पारी जानुपर्दैन'

**विजय साह**

**बैशाख २७ गते, ढल्केवर**

धनुषाको जनकनन्दनी गाउँपालिकाका सुत्केरी हुने महिलालाई सीमावर्ती भारतीय अस्पतालमा पुग्नुपर्ने बाध्यता हटेको छ । गाउँपालिकाले खजुरीमा रहेको स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी प्रसूति सेवा दिन थालेपछि सुत्केरी गराउनकै लागि सीमापारि लानुपर्ने बाध्यता हटेको हो ।

सुत्केरी महिलालाई पारी जयनगर र जिल्लाको सदरमुकाम जनकपुर लैजानुपर्ने अवस्थाको अन्त्य भएको जनकनन्दनी गाउँपालिकाका अध्यक्ष दिपिनदेव यादवले जानकारी दिनुभयो । दक्ष स्वास्थ्यकर्मीले २४ घण्टा प्रसूति सेवा दिइरहेको छ। गाउँमै प्रसूती सेवा उपलब्ध भएपछि सामान्य अवस्थाका प्रसूतिका लागि अन्यत्र धाउनुपर्ने बाध्यताको अन्त्य भएको उहाँको भनाइ छ।



जनकपुर २७ किलोमिटर टाढा र भारतीय बजार जयनगर गाउँपालिकाको सीमासँग जोडिएको छ । नजिक भएकाले पनि धेरैजसो सेवाग्राही जयनगर पुग्ने गर्दथ्यो । तर, अब रोकिएको छ, अध्यक्ष यादवले भन्नुभयो । उहाँका अनुसार अहिले केही महिला मात्र गाउँपालिका बाहिरका ठूला अस्पतालमा प्रसूतिका लागि जाने गरेका छन् ।

सेवाग्राहीलाई नि:शुल्क उपचारका साथै पोषणयुक्त खानेकुरा र नगद एक हजार रुपियाँ सुत्केरी भत्ता उपलब्ध गराउने गरेको अध्यक्ष यादवले बताउनुभयो । खजुरी स्वास्थ्य चौकीका इन्चार्ज सिकिन्द्र साहले दुई वर्षदेखि प्रसूति सेवा दिइरहेको बताउनुभयो । गत आर्थिक वर्षमा ५३ र चालू आर्थिक वर्षमा ७९ जनाले सुरक्षित प्रसूती सेवा लिएका छन् ।

सामान्य अवस्थाका तथा सानो अपर ेसन गरेर सुत्केरी सेवा दिँदै आएका छौं । ठूलो अपरेसन गरेर बच्चा निकाल्नुपर्नेलाई मात्रै अरु अस्पतालमा पठाउने गरिएको उहाँले जानकारी दिनुभयो ।

सुरुको बेला निकै कम सङ्ख्यामा प्रसूति सेवा लिन आउँथ्यो । विस्तारै यहाँको सुविधाबारे प्रचार प्रसार भएपछि प्रसूति सेवा लिनेको सङ्ख्या बढ्दै गएको छ । तर, पनि अझै प्रचारप्रसारको खाँचो रहेको इन्चार्ज साहको भनाइ छ । प्रसूति सेवा सुरु भएसँगै गर्भ जाँच गर ाउन आउने महिलाको सङ्ख्या पनि बढेको छ । अहिले सम्पर्कमा र हेका ४० जना गर्भवती महिला नियमित गर्भ जाँचका लागि स्वास्थ्यचौकीमा आउने गरेका छन् । स्वास्थ्य जाँचमा सहजताका लागि मधेश प्रदेश सरकारले हालसालमा ६५ लाख रुपियाँ मूल्य बरारबरको ल्याब मेसिनसहित दुई जना कर्मचारी उपलब्ध गराएको छ । ल्याव कक्ष तयारी भइरहेकाले छिट्टै ल्याव जाँचको सुविधा थपिन्छ । गर्भ जाँचमा एकदमै महत्वपूर्ण मानिएको अल्ट्रासाउण्ड मेसिनको भने कमी छ । यसका लागि गाउँपालिकाको स्वास्थ्य शाखासँग माग गरिएको उहाँले बताउनुभयो ।

आफ्नै गाउँठाउँमा नि:शुल्क प्रसूति सेवा सञ्चालन भएपछि स्थानीयवासी खुशी छन् । दक्ष स्वास्थ्यकर्मीको संलग्नतामा नि:शुल्क प्रसूति सेवा पाएपछि यहाँका गर्भवती महिलालाई राहत मिलेको जनकनन्दनी गाउँपालिका खजुरीका आराधना साह बताउनुहुन्छ । उहाँका अनुसार सामान्य अवस्थाका गर्भवतीलाई पनि प्रसूतिका लागि जनकपुर र पारी जयनगर पुर्‍याउनुपर्ने बाध्यता थियो । आराधना भन्नुहुन्छ, "टाढाको अस्पतालमा लैजानुपर्दा आमा र बच्चा दुबैको स्वास्थ्य जोखिममा हुन्थ्यो । पैसा पनि निकै खर्च हुन्थ्यो । सहरका महँगा अस्पतालको उपचार खर्च धान्न यहाँका कतिपय परिवारलाई मुस्किल हुन्थ्यो ।"

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# समृद्धि प्राप्तिका लागि उदाहरणीय काम गर्नुपर्छ

मानिसले पहिचान, अधिकार, न्याय, समानता, स्वतन्त्रता र समान अवसर खोज्नु स्वाभाविक हो। यसरी एउटा नागरिकले विकास र समृद्धि खोज्नु मानवीय पक्ष पनि हो। यी दुई भिन्न शब्दबीच अवधारणा मिलाएर मात्र मुख्य उपलब्धि हासिल गर्न सकिन्छ।

विकासले व्यक्तिको जीवन र समाजका लागि रचनात्मक तथा सकारात्मक परिवर्तन ल्याउन सक्छ। समृद्धिले समाज वा अर्थ व्यवस्थामा परिवर्तन ल्याउँछ। यी दुई शब्दको अन्तिम लक्ष्य नै मानव विकास हो। वस्तुतः विकासको सबैभन्दा उन्नत र विकसित रूप नै समृद्धि हो। विकासका बहुआयामिक स्वरूप हुन्छन्। भौतिक संरचनाले मात्र विकास पूरा हुँदैन। सँगै अन्य परिवेश त्यति नै आवश्यक रहन्छन्। जस्तैः भौतिक पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, प्राविधिक विकास, सांस्कृतिक विकास, भाषिक विकास, बौद्धिक विकास, चिन्तनको विकास र मनोवैज्ञानिक विकास आदि।

विभिन्न यी स्वरूपले कुनै पनि भौतिक वा अभौतिक वस्तु, व्यक्तिको आकार, चरित्र र विशेषतामा आउने परिवर्तनलाई कार्यान्वयन गर्न मद्दत गर्छन्। विकासमार्फत आर्थिक, सामाजिक, शैक्षिक, शारीरिक, मानसिक, भाषिक, भावनात्मक, औद्योगिक र कृषि विकाससँग परस्पर सम्बन्ध भएर समृद्धिको मार्ग खोजिर हेका हुन्छन्। मुख्यतः शोषण, विभेद, दमन, भेदभाव, अन्याय र अत्याचार अन्त्य गरेर न्याय सुव्यवस्थामा आधारित समृद्ध मुलुक निर्माण गर्नु आजको आवश्यकता हो। जसका माध्यमबाट सुखी नागरिकले जीवन बाँच्नु सकुन्। नेपालमा ७० वर्षभन्दा बढी विभिन्न राजनीतिक आरोह र अवरोह भए। यो अवधिमा ठूला-ठूला परिवर्तन भए पनि हाम्रो लडाइँ अधिकारमा मात्र केन्द्रित भयो। विकास र समृद्धि प्राप्तिका लागि उदाहरणीय काम हुन सकेन।

जबसम्म मुलुकमा आर्थिक, सामाजिक, भौतिकसँगै नागरिकको जीवनस्तर, खुसी र सुखको स्तर पनि उकासिँदैन, तबसम्म देश समृद्ध भएको मानिँदैन। वास्तवमै अहिले त झन् हाम्रा नेताहरूका सुन्दर नारा पनि 'हात्ती आयो हात्ती आयो फुस्सा' जस्तै लाग्न थालेका छन्।

किनकि यी सबै नारामै सीमित छन्। सुन्दर सपना बाँड्नेहरू सत्ता स्वार्थको मियोमा कसको खुट्टो कहाँ तान्न सकिन्छ भनेर रातदिन ध्यान त्यतै केन्द्रित गरिरहेका छन्। नेपाली जनताले व्यवस्था परिवर्तनका लागि जीवनको सम्पूर्ण ऊर्जावान् समय खेर फाले। तथापि जनताको अवस्था उस्तै छ। सन् १९७१ मा नेपालकै अवस्थामा रहेका चार दर्जनभन्दा बढी देशले विकास र समृद्धिमा फड्को मारिसके। सन् १९६५ मा नेपालको प्रतिव्यक्ति आय ६५ डलर हुँदा कोरियाको १०५ डलर र मलेसियाको ३५० डलर थियो। अहिले नेपालको प्रतिव्यक्ति आयभन्दा कोरियाको प्रक्तिव्यक्ति आय ४० गुणाले बढी छ।

# प्रचण्ड–नारायणकाजीले देखाउन थालेको 'फिल्म'

**सागर न्यौपाने**

**बैशाख २७ गते, काठमाडौं**
सर्वसाधारण मात्र होइन, कतिपय सांसद नै भन्थे- नेपालमा राजनीतिक दल र तिनका नेताको आडमा हुर्किएको अपराधको जालोमा संलग्नको पहिचान गर्नै सकिँदैन, पहिचान भइहाले पनि कारबाही हुँदैन।



सबै ठूला नेता मिलेर भ्रष्टाचारीलाई चोख्याउँछन्, कानुन भनेको सानालाई हो, ठूलाले जस्तोसुकै अपराध गरे पनि छुट पाउँछन् भन्ने आम धारणा नै बनिसकेको थियो। पछिल्ला वर्षहरुमा देखिएको राजनीतिप्रतिको वितृष्णा त्यसकै परिणाम हो।

नेपालमा भ्रष्टाचारको जालो कति खतरनाक तरिकाले फैलिएको रहेछ भन्ने कुरा नक्कली भुटानी शरणार्थी प्रकरणले पनि देखाएको छ। यो प्रकरणमा ठूला दलका प्रभावशाली नेताहरु संलग्न भएको पुष्टि भयो।

वैशाखको दोस्रो सातादेखि नेपाली राजनीति यही विषयको वरिपरि घुमिरहेको छ। त्यसैले अधिकांशलाई लागेको थियो- प्रभावशाली नेताहरुको प्रत्यक्ष संलग्नता रहेको यो प्रकरण अघि बढ्दैन, यसै फासफुस हुन्छ।

तर, यसपटक त्यसो भएन।

तेस्रो कार्यकालका लागि प्रधानमन्त्रीको कुर्सीमा बसेका पुष्पकमल दाहाल प्रचण्डले नीतिगत यो मुद्दामा बलियो अडान लिएका छन्। उनलाई दरिलो साथ दिएका छन्, उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले।

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न नेपाली कांग्रेसका प्रभावशाली केन्द्रीय सदस्य बालकृष्ण खाँण बुधबार पक्राउ परेका छन्। गणतन्त्र स्थापनापछि अपराधका लागि गिरफ्तारीमा पर्ने खाँण उच्च तहका नेता हुन्।

उनी २०७८ असारदेखि २०८९ पुस ९ गतेसम्म गृहमन्त्री थिए। प्रहरीको कमान्ड सम्हालेका खाँण गिरफ्तारीले गरेको संकेत हो- यो सरकारले दोषी छुटाउने पक्षमा छैन।

अहिलेसम्म नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने विषयमा उनको संलग्नता के केमा छ, त्यसको सम्पूर्ण विवरण सार्वजनिक भइसकेको छैन। तर, उनले भ्रष्टाचार गरेको यथेष्ठ प्रमाण प्रहरीले संकलन गरेको छ। उनले तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसँग मिलेर पैसा असुल्नकै लागि शरणार्थी सम्बन्धी नक्कली प्रतिवेदन बनाउन भूमिका खेलेका थिए।

नेकपा एमालेका सचिव टोपबहादुर रायमाझी यो प्रकरणमा मुछिएका अर्का उच्च तहका नेता हुन्। अर्घाखाँचीबाट प्रतिनिधि सभा सदस्यमा चार पटक जितेका उनीविरुद्ध प्रहरीले पक्राउ पुर्जी जारी गरेको छ। तर, उनी फरार छन्।

यो प्रकरणमा मुछिएका गृह मन्त्रालयका तत्कालीन सचिव टेकनारायण पाण्डे यो प्रकरणमा समातिएका उच्च तहका कर्मचारी हुन्। उनैले नक्कली शरणार्थी सम्बन्धी फाइल तयार पारेका थिए।

उनीसहित पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई पनि पक्राउ परेका छन्।भुटानी शरणार्थीका नाममा नेपालीलाई अमेरिका पठाउने भन्दै ठगी गरेको आरोपमा टोपबहादुर का छोरा सन्दीप, सानु भण्डारी, केशवप्रसाद दुलाल, टंककुमार गुरुङ, सन्देश शर्मा र सागर राई पक्राउ परिसकेका छन्। अझै १० जनाभन्दा बढी फरार छन्।

प्रहरीलाई स्वतन्त्र रुपमा काम गर्न दिँदा मात्रै पनि ठूला काण्डको अनुसन्धान हुन्छ भन्ने यो प्रकरणले देखाएको छ।

नेपाली राजनीतिका पुराना दृष्टान्तहरुलाई हेर्दा सरकारको यो कदम चानचुने होइन। उसो त प्रहरीले उच्च नेताहरुविरुद्ध प्रमाण जुटाइरहँदा शीर्ष नेताहरुको दौडधुपलाई लिएर अनेकौं आशंका जन्मिए। तर, प्रधानमन्त्री प्रचण्डले प्रमाण प्राप्त भइसकेपछि कसैलाई पनि नछोड्न र स्वतन्त्र रुपमा काम गर्न प्रहरीलाई निर्देशन दिएका छन्।

'राज्यलाई हानि हुनेगरी भ्रष्टाचारमा मुछिएका व्यक्ति जोसुकै भए पनि कारबाही गर्न प्रधानमन्त्रीले निर्देशन दिनुभएको छ, यसमा गृहमन्त्री मुख्यगरी लाग्नुभएको छ,' प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले नेपालखबरसँग भने, 'यो काम फत्ते नभएसम्म जारी रहन्छ।'

प्रधानमन्त्रीले यो काममा कांग्रेस र एमालेको साथ पनि लिएका छन्। बुधबार पनि सिंहदरबारमा कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओलीसँग उनले छलफल गरेका छन्।

उनले तीन नेताबीच दोषी कोही नछुटोस्, निर्दोष कोही नपरोस् भन्ने कुरामा सहमति भएको बताए।

'हामीले प्रहरीलाई निष्पक्ष अनुसन्धानका लागि निर्देशन दिएका छौं। प्रहरीले आफ्नो विधिअनुसार काम गरेको छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'प्रहरीले गरिरहेको अनुसन्धानमा डिस्टर्ब नगरौं भन्ने सहमति हामीबीच भएको छ।'

अझै केही नेताहरु पक्राउको सूचीमा रहेको गृहमन्त्रीले बताएका छन्।

उनले मन्त्रालय सम्हालेकै दिन हिसाब देखाउनै नपर्ने गरी गृहमन्त्री र सचिवले वर्षको करोडौं रुपैयाँ खर्च गर्न पाउने नियम खारेज गरएका थिए। मिटरब्याजीलाई कारबाही गर्ने कानुन पनि ल्याएका थिए। प्रचण्डले सोमबार काभ्रे पुगेर अहिलेसम्म ट्रेलर मात्र देखाएको र अब फिल्म नै देखाउने बताएका थिए।

'पीएमले साँच्चै फिल्म देखाउन थाल्नुभयो। अब यो प्रक्रिया कसैले चाहँदैमा रोकिँदैन। घटनाक्रमले त्यही पुष्टि गरेको छ,' आचार्यले थपे।

सरकारको कदमको राष्ट्रिय स्वतन्त्र पार्टीले समर्थन गर्दै साथ दिने बताएको छ। सामाजिक सञ्जालमा सरकारको कदमप्रति समर्थन जनाउनेको ओइरो लागेको छ।

जनतालाई शरणार्थी बनाएर करोडौं ठगी गर्नेविरुद्ध सरकार निर्मम भएर लाग्नुपर्ने र साथ दिन तयार रहेको अधिकांशको भनाइ छ। त्यस्तै, अन्य काण्डहरुको पनि फाइल खोल्न सर्वसाधारणले माग गरेका छन्।

हालसम्मको घटनाक्रमबाट देखिन्छ- अब यो प्रकरण फासफुस हुने छैन। अनुसन्धान जरासम्म पुग्नेछ। तर, केही गरी अनुसन्धान रोकिए त्यो सरकारकै लागि प्रत्युत्पादक बन्ने स्पष्ट छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| **बर्दिवास अस्पताल** | ५५००९० |
| **ट्राफीक प्रहरी** | ५५००५५ |
| **छिन्नमस्ता सशस्त्र प्रहरी गण** | ५५०४०४ |
| **जिल्ला खानेपानि (गौरी डाडाँ )** | ५५०००५ |
| **ढल्केवर (नो लाईट)** | ०४१-५६००६८ |
| **सुरक्षा क्याम (रेडियो नेपाल)** | ५५००२३ |
| **बर्दिवास गा.वि.स.** | ५५००३१ |
| **खानेपानि कार्यालय** | ५५०११० |
| **प्रहरी** | ५२०१९९ |
| **प्रहरी** | ५२००९९ |
| **बर्दिवास दुरसञ्चार** | ५५०००० |
| **पारिजात स्मृति अस्पताल** | ५५०३७२ |
| **नेपाल परिवार नियोजन संघ** | ५५०१०७ |
| **इलाका प्रहरी कार्यलय वर्दिवास** | ५५०००६ |
| **खानेपानी बर्दिवास** | ५५०१४३ |
| **रेडक्रस एम्बुलेन्स** | ५२०१०० |
| **मेरी स्टोप्स सेन्टर** | ५५०१२६ |
| **शुभ स्वस्तिक हस्पिटल** | ५५०२५५ |
| **जनसेवा हस्पिटल** | ५५०४०६ |
| **बर्दिवास आँखा अस्पताल** | ५५०४७७ |
| **एकिकृत सेवा केन्द्र बर्दिवास** | ५५०६६८ |
| **IRDS समाज सहकारी अस्पताल** | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# औरही नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

## विषय : सूचना संशोधन सम्बन्धमा

प्रस्तुत विषयमा जिल्ला महोत्तरी यस औरही नगरपालिकाको मिति २०८०/०१/२६ गते देहायको पद र संख्यामा देहायका योग्यता भएको करार सेवामा लिन आवश्यक रहेकोले प्राविधिक समस्याका कारणले केही त्रुटी भएकाले यो सूचना प्रकाशन गरिएको छ ।

| भएको | | | | हुनु पर्ने |
|---|---|---|---|---|
| विज्ञापन नं. | पदको नाम | संख्या | आवश्यक योग्यता | |
| २०/२०७९/०८० | नगर प्रहरी नायब निरीक्षण (स.ई.) वा सहायक निरीक्षण (असई) | १ | १. नेपाली नागरिकता भएको ।<br>२. २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।<br>३. कम्तीमा +2 उत्तिर्ण भएको ।<br>४. कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको भनी सम्वन्धित जिल्ला प्रहरी कार्यालयबाट जारी प्रमाणपत्र<br>५. शारीरिक रुपमा स्वास्थ्य रहेको/काम गर्न सक्ने भनी N.M.C. मा दर्ता भएको चिकित्सकबाट सही छाप गरी प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र<br>६. पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ इन्च हुनुपर्ने । (महिलाको हकमा शरीरको उचाई घटिमा ५ फिट हुनुपर्ने । )<br>७. अवकाश प्राप्त सुरक्षाकर्मिलाई विशेष प्राथमिकता दिईनेछ । | १. नेपाली नागरिकता भएको ।<br>२. २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।<br>३. कम्तीमा +2 उत्तिर्ण भएको ।<br>४. कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको भनी सम्वन्धित जिल्ला प्रहरी कार्यालयबाट जारी प्रमाणपत्र<br>५. शारीरिक रुपमा स्वास्थ्य रहेको/काम गर्न सक्ने भनी N.M.C. मा दर्ता भएको चिकित्सकबाट सही छाप गरी प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र<br>६. पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ इन्च हुनुपर्ने । (महिलाको हकमा शरीरको उचाई घटिमा ५ फिट हुनुपर्ने । )<br>७. अवकाश प्राप्त सुरक्षाकर्मिलाई विशेष प्राथमिकता दिईनेछ । |
| २१/२०७९/०८० | नगर प्रहरी (हवल्दार) | १ | १. नेपाली नागरिकता भएको ।<br>२. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । (महिलाको हकमा ४० वर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षाकर्मिको हकमा ५० वर्ष ननाघेको<br>३. कम्तीमा ८ कक्षा उत्तिर्ण भएको ।<br>४. पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ इन्च हुनुपर्ने । (महिलाको हकमा शरीरको उचाई घटिमा ५ फिट हुनुपर्ने । )<br>५. शारीरिक रुपमा स्वास्थ्य रहेको/काम गर्न सक्ने भनी N.M.C. मा दर्ता भएको चिकित्सकबाट सही छाप गरी प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र | १. नेपाली नागरिकता भएको ।<br>२. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । (महिलाको हकमा ४० वर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षाकर्मिको हकमा ५० वर्ष ननाघेको<br>३. कम्तीमा ८ कक्षा उत्तिर्ण भएको ।<br>४. पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ इन्च हुनुपर्ने । (महिलाको हकमा शरीरको उचाई घटिमा ५ फिट हुनुपर्ने । )<br>५. शारीरिक रुपमा स्वास्थ्य रहेको/काम गर्न सक्ने भनी N.M.C. मा दर्ता भएको चिकित्सकबाट सही छाप गरी प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र |
| २२/२०७९/०८० | नगर प्रहरी | ९ | १. नेपाली नागरिकता भएको ।<br>२. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । (महिलाको हकमा ४० वर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षाकर्मिको हकमा ५० वर्ष ननाघेको<br>३. कम्तीमा ८ कक्षा उत्तिर्ण भएको ।<br>४. पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ इन्च हुनुपर्ने । (महिलाको हकमा शरीरको उचाई घटिमा ५ फिट हुनुपर्ने । )<br>५. शारीरिक रुपमा स्वास्थ्य रहेको/काम गर्न सक्ने भनी N.M.C. मा दर्ता भएको चिकित्सकबाट सही छाप गरी प्रमाणित गरिएको | १. नेपाली नागरिकता भएको ।<br>२. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । (महिलाको हकमा ४० वर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षाकर्मिको हकमा ५० वर्ष ननाघेको<br>३. कम्तीमा ८ कक्षा उत्तिर्ण भएको ।<br>४. पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ इन्च हुनुपर्ने । (महिलाको हकमा शरीरको उचाई घटिमा ५ फिट हुनुपर्ने । )<br>५. शारीरिक रुपमा स्वास्थ्य रहेको/काम गर्न सक्ने भनी N.M.C. मा दर्ता भएको चिकित्सकबाट सही छाप गरी प्रमाणित गरिएको निरोगिताको |

१) परीक्षाको किसिम र छनौट विधि : करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी २०७९ अनुसार हुनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत


प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

**मिटिङ्ग हल, पार्टी पैलेश**

गौशाला नगरपालिका- ३, निगौल (नरसिंह पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।


## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**वागमती सिंचाई आयोजना, कर्मैया, सर्लाही**

# पानीको अभावले चुरे भेग काकाकुल

**खबर दर्पण समाचारदाता**
**बैशाख २७ गते, सर्लाही**

खानेपानीको अभावले सर्लाहीको चुरे भेगका बस्ती काकाकुल बनेका छन। गाउँका धारा, कुवा र जरुवा सुकेसँगै चुरे क्षेत्रका बस्तीमा खानेपानीको अभाव चुलिएको हो । हिजोआज खानेपानीका लागि घण्टौँसम्म लाइनमा बस्नुपर्ने बाध्यता छ । धारा तथा कुवामा थोरै मात्रामा आउने पानी अपुग भएको स्थानीयवासीले गुनासो गरेका छन् । पछिल्ला वर्षयता खानेपानीका स्रोत चाँडै सुक्न थालेको स्थानीयवासीको अनुभव छ ।

यहाँको चुरे भेगमा पर्ने परवानीपुर , घारिबथान, पत्थरकोट, अत्रौली, ढुङ्गेखोला, कर्मैयालगायत दर्जनौं बस्ती खानेपानीको अभावले काकाकुल बनेका हुन् । ईश्वरपुर नगरपालिका-१२, घारिबथानकी दिलमाया डिम्डोङले मानिस र बस्तुभाउ दुवैलाई पानीको अभाव भएको गुनासो गर्नुभयो । "हिजोआज पानीको असाध्य दुःख छ, मान्छेलाई खाने दुई गाग्रो पानी जुटाउन नै गाह्रो छ, बस्तुभाउलाई खुवाउन र सरसफाइका लागि त झन् कहाँबाट ल्याउनु ? उहाँले गुनासो गर्दै भन्नुभयो, "गाउँको धार ामा केहीबेर आउने पानीले सबैलाई पुग्दैन, थोरै मात्रामा आउने पानी थाप्न सधैँ झगडा नै पर्छ ।" चुरे भेगका स्थानीय बासिन्दा खानेपानी लिन गाग्रो बोकेर एक गाउँबाट अर्को गाउँसम्म पुग्ने गरेका छन् ।

लालबन्दी नगरपालिका-१५, तल्लो देउरालीका अगुवा बाबुराम ठोकर ले आफ्नो गाउँका स्थानीय बासिन्दा पानी लिनका लागि दैनिक जङ्गल छिचोलेर वडा नं. १५ को धुसेनीसम्म पुग्ने गरेको जानकारी दिनुभयो । धुसेनीकै स्थानीयवासीलाई इनारको पानी अपुग भइरहेका बेला आफूहरू समेत त्यही इनारमा पानी लिन पुग्दा ठुलो भिड लाग्ने गरेको उहाँले बताउनुभयो । चुरे भेगका प्रत्येक बस्तीमा अहिले खानेपानीका लागि यस्तै समस्या छ ।

बागमती नगरपालिका-१ का वडाध्यक्ष गम्भिरसिंह पाखिनले खानेपानीको स्रोत सुकेपछि



ट्याङ्करबाट पानी ओसारेर स्थानीयवासीलाई पानी खुवाइरहेको बताउनुभयो । "ट्याङ्कर पुगेका ठाउँमा दिन बिराएर पानी पठाइरहेका छौँ, ट्याङ्कर नै जान नसक्ने विकट बस्ती घट्टे टोल, अलैंची डाँडालगायतका ठाउँमा थप समस्या छ," उहाँले भन्नुभयो, "गएको वर्ष असोजदेखि मूल फुट्ने गरी पानी पर्न नसकेकाले चुरेका फेदी र पाखाका बस्तीमा पानीको अभाव धेरै नै छ ।" पानीको अभावले चुरे क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी र अन्य सरकारी कार्यालयसमेत प्रभावित भएका छन ।

# मधेश प्रदेशमा माघ २३ वाट सुत्केरी भत्ता वितरणमा रोक

**अजयकुमार झा**

**बैशाख २७ गते, जनकपुर**

मानव सूचकाङ्कमा पछाडि रहेको मधेश प्रदेशका सरकारी अस्पतालमा सुत्केरी महिलालाई प्रदान गर्दै आएको प्रोत्साहन भत्ता गत माघ २३ गतेबाट रोकिएको छ।

सुरक्षित मातृत्वका लागि प्रोत्साहन भत्ता भनेर सरकारी अस्पतालमा सुत्केरी भएका महिलाले १ हजार पाउने गरेको प्रोत्साहन रकम नपाएपछि गरिब तथा विपन्न वर्गका महिलाहरू दुःखी भएका छन् । सर्लाहीको सलेमपुरवाट सुत्केरी सेवा लिएका विनिता साहले आफूले सुत्केरी भत्ता नपाएको बताउनु भयो।

केन्द्रले प्रदेश सरकारलाई सशर्त अनुदान अन्तर्गत सुत्केरीलाई प्रोत्साहन भत्ताका लागि प्रदेश सरकारलाई एकमुक्त रुपमा प्रदान गरेपनि प्रदेश सरकारको अर्थ मन्त्रालयले सो बजेट रोक्का गरेपछि महिलाले पाउन नसकेको विभिन्न अस्पतालमा सुत्केरी सेवा लिएका महिलाहरूले जानकारी दिनु भएको छ।

सरकारले मातृ तथा शिशु मृत्यु दर कम गर्नका लागि सुत्केरी महिलाले गर्भ परीक्षण गर्न आउँदा एक पटकमा २ सयका दरले चार पटकमा ८ सय र सुत्केरी भएपछि १ हजार गरेर १ हजार ८ सय प्रोत्साहन स्वरूप पाउने गरेकोमा पाउन सकेको छैन।

मधेश प्रदेशका ८ जिल्लामा रहेको प्रादेशिक अस्पतालहरूमा सुत्केरी सेवा लिएबापत सुत्केरी महिलालाई प्रोत्साहन भत्ता दिने गरेको छ। जति जनाले सरकारी अस्पतालमा सुत्केरी सेवा लिन्छ सबैले सो भत्ता पाउने प्रावधान रहेको छ।

गर्भ परीक्षणका लागि स्वास्थ्य संस्थाले गर्भवती महिलाको नाउँमा कार्ड नै बनाई दिने गरेको छ। महोत्तरीमा यो सेवा प्रभावकारी भएपनि धनुषामा प्रभावकारी भएको पाइँदैन । धनुषामा गर्भवती महिलाहरूले सोझै गर्भ परीक्षण गराउने गरेको छ। संघ सरकारले एकमुष्ट रुपमा बजेट प्रदान गरेपनि प्रदेश सरकारले सो रकम रोक्का गरेकाले समस्या उत्पन्न भएको विभिन्न अस्पतालहरूले जानकारी दिएको छ।

प्रादेशिक अस्पताल जनकपुरधाममा भारी सङ्ख्यामा प्रसूति हुने गरेको भएपनि एक जना सुत्केरी महिलाले प्रोत्साहन भत्ता पाउन सकेको छैन । मधेश प्रदेशमा अहिले पनि अन्य प्रदेशको तुलनामा मातृ तथा शिशु मृत्यु दर अधिक रहेको छ।

# जनकपुरधाम उपमहानगरपालिकाको गौशाला निर्माण अन्तिम चरणमा



**खबर दर्पण समाचारदाता**

**बैशाख २७ गते, जनकपुर**

जनकपुरधाम उपमहानगरपालिकाले जनकपुरधाममा सडकको व्यवस्थापन तथा छाडा चौपाया नियन्त्रणका लागि निर्माण गर्न लागेको गौशाला (काजी हाउस) को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

जनकपुरधाम उपमहानगरपालिका-१२ कुवारामपुरमा रहेको गुठी संस्थानको करीब १ बिघा जग्गा लिजमा लिएर गत साउन महिनामै गौशालाको निर्माण कार्य प्रारम्भ गरिएको थियो । १ करोडको लागतमा निर्माण हुने भनिए पनि चालु आर्थिक वर्षमा डीपीआरको अभावमा सम्पूर्ण बजेट विनियोजन हुन नसक्दा केही काम अहिले गर्न बाँकी रहेको तर आगामी जेठ महिनाको पहिलो साता भित्रै गौशालाको उद्घाटन गरिने जनाइएको छ।

कार्यालयका अनुसार अहिलेसम्म अनुमानित ५० लाख रकमको लगानी भइसकेको र बाउण्ड्री वाललगायतको संरचना निर्माण अझै बाँकी रहेकोले आगामी आर्थिक वर्ष २०८०/०८१ मा बजेट निकासा गरी चौपायाको उपचारदेखि लिएर चौपायाबाट लिन सकिने लाभको लागिसमेत व्यवस्थापन गरिने छ । छाडा चौपाया राख्ने घर, चौपायाका लागि आवश्यक पर्ने भूस तथा पराल राख्ने घर तथा गौशालाको रेखदेख गर्ने कर्मचारीको व्यवस्थापन लगायतको काम सम्पन्न भइसकेको छ भने अब चौपायालाई राख्न सकिने अवस्थामा पुगेको छ।

गौशालाको निर्माणले नगरक्षेत्रमा जथाभाबी रुपमा छाड्ने चौपायाको नियन्त्रण भएर सडक तथा ट्राफिक व्यवस्थापनमा पनि ठूलो मद्दत पुग्ने विश्वास गरिएको छ।

गौशाला निर्माण भएपछि छाडा चौपायाले प्रदान गर्ने गोबर तथा मूत्रबाट जैविक मलको उत्पादन गरेर न्यूनतम् लागतमा किसानलाई मल बिक्री गर्ने सोंचसमेत रहेको छ। नगरक्षेत्रमा चौपाया धनीहरूले दूध दुहेर गाई तथा गोरु एवं उत्पादन नदिने वस्तुहरू जथाभाबी रुपमा छाड्ने गरेका कारणले नगर पालिकाको सडक व्यवस्थापनमा समस्या आउनुका साथै नगरक्षेत्रमा जथाभाबी रुपमा चौपायाले सडक भरी गोवर तथा मूत्र त्याग गर्दा नगर क्षेत्र फोहर बन्ने गरेको जनगुनासो छ । छाडा चौपायाकै कारण जनकपुरधाम नगर क्षेत्रको ट्राफिक व्यवस्थासमेत प्रभावित बन्ने गरेको छ।गौशालाको निर्माण भएपछि गाई तथा गोरु छाडेको खण्डमा नगरपालिकाले नियन्त्रणमा लिएर त्यस्ता वस्तुको धनीबाट पाँच हजार जरिवाना गर्ने कानुनी प्रावधान पनि रहेकाले यसबाट पनि आम्दानी भएर नगरपालिकाले सञ्चालन गर्ने गौशालाको खर्च व्यवस्थापनमा मद्दत पुग्ने विश्वास नगरपालिकाको रहेको छ।

# सरकारी जमिन हड्पेर विद्युतीय सवारी चार्जिङ् सेन्टर निर्माण हुँदै



**खबर दर्पण समाचारदाता**

**बैशाख २७ गते, रौतहट**

चन्द्रपुर नगरपालिकाले आवश्यक प्रकृया पूरा नगरी सरकारी जमिन हड्पेर विद्युतीय सवारी चार्जिङ् सेन्टर निर्माणको जिम्मा लगाएको छ।

डिभिजन वन कार्यालय रौतहटले दिएको जानकारीअुनसार पालिकाले जिल्लाको रामलाल साझेदारी वनअन्तर्गत चाँदी नदी किनारको पूर्व-दक्षिण दिसामा रहेको बलेरी सेक्टरको जमिन हड्पेर चार्जिङ् सेन्टर निर्माणको जिम्मा लगाएको हो।

तीन करोड रुपियाँ लागत अनुमान रहेको उक्त चार्जिङ् सेन्टर निर्माण गर्न 'एनके थापा कन्स्ट्रक्सन' काठमाडौंले दुई करोड ७० लाख रुपियाँ लागतमा निर्माण स्वीकृती पाएको नगरपालिकाका इन्जिनियर महेश बोहराले जानकारी दिनुभयो।निर्माण कम्पनीले उक्त स्थानमा निर्माणको कार्य सुरु गरिसकेको छ । उक्त स्थानमा निर्माण कार्य सुरुगर्नु अघि नगरपालिकाले डिभिजन वन कार्यालयदेखि उत्तर तर्फ रहेको सरकारी वनको जमिनमा चार्जिङ् सेन्टर शिलान्यास गर्न लागेको थियो। सो स्थानमा विवाद भएपछि पालिकाले बलजफ्ती बलेरी सेक्टरको जमिनमा निर्माण गर्न लगाएको डिभिजन वन प्रमुख सुनिलकुमार कर्णको आरोप छ।

उहाँ भन्नुहुन्छ, "डिभिजन वन कार्यालय विकास विरोधी हैन । भोगाधिकार लिएर मात्र निर्माण कार्य गर्नु भनेको हो। चार्जिङ् सेन्टर निर्माण गर्नु अघी त्यसको सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) गरी प्रतिवेदनसहित जमिन उपभोगको लागि मधेश प्रदेशको उद्योग पर्यटन तथा वन मन्त्रालयमा सिफारिस पेश गर्नु पर्ने प्रावधान छ । मधेश प्रदेशबाट प्रकृया पूरा भएपछि सङ्घीय मन्त्रालयको अनुमति पश्चात मात्र निर्माण गर्न पाउने व्यवस्था रहेको छ। यो प्रावधान वन ऐन २०७६ को दफा ४२ मा उल्लेख छ।"

डिभिजन वन कार्यालयले सोही दफा उल्लेख गरी २०७९ चैत २० गते चलानी नम्बर १०७६ को पत्र नगर पालिकामा पेश गरेको छ । तर नगरपालिकाले पत्रको बेवास्ता गरी चार्जिङ् सेन्टर निर्माणलाई निरन्तरता दिएको छ।

नगर प्रमुख सञ्जय काफ्लेले चार्जिङ् सेन्टर निर्माण गर्न लागिएको जमिनको स्वामित्व कोसग छ त्यो यकिन नभएको तर राष्ट्रिय गौरवको योजना निर्माण गर्ने क्रममा कहिलेकाँही सार्वजनिक जमिन उपयोग गर्ने अधिकार नगर पालिकासँग रहेको बताउनुभयो।

मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको 'इनोभेटीभ पार्टनरसिप फण्ड' र चन्द्रपुर नगरपालिकाको आर्थिक सहयोगमा करिब साढे पाँच कट्ठा सरकारी जमिनमा निर्माण हुन लागेको उक्त चार्जिङ् सेन्टरबाट एक पटकमा चार वटा चारपाङ्गे गाडी, तीन पाङ्गे अटो छ वटा र दुई पाङ्गे सवारीको पाँच वटा चार्जिङ् प्वाइन्ट रहेने बताइएको छ।

# भ्रष्टाचार रोक्न दलतन्त्र फाल्नुपर्छ: प्रभु साह



**खबर दर्पण समाचारदाता**

**बैशाख २७ गते, सर्लाही**

सर्लाही औ आम जनता पार्टीका अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले भ्रष्टाचार रोक्नलाई दलतन्त्र फाल्नुपर्ने बताएका छन्।

बुधवार सर्लाही जिल्लाको बयलवासमा आयोजित आम जनता पार्टीको जिल्ला भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले दलीय भागबन्डाको कारण संस्थागत रुपमा भ्रष्टाचारले जड गाडेको जिकिर गरे।

पैसा र पावरको भरमा हुने चुनावले लोकतन्त्रको प्रत्याभूति गराउन नसकेको बताउदै अध्यक्ष साहले दलतन्त्रको अन्त्य गरेर आम जनताको शासन ल्याउनुपर्ने बताए।

"तपाईहरु हेर्न सक्नुहुन्छ, देशमा कसरी दलतन्त्र हाबी भएको छ। राष्ट्रिय सहमतिको नाममा सर्वदलीय भागबन्डा हुने गरेको छ । यस्ता सर्वदलीय भागबन्डाले भ्रष्टाचार लाई थप संस्थागत गरेको छ । दलले सरकार बनाउनको लागि संख्या पुर्याउनुपर्ने र संख्या पुर्याउन पैसा र पावर चाहिने रहेछ।" अध्यक्ष साहले भने, "पैसावालाले मात्र चुनाव लड्ने र त्यस्ता व्यक्तिले पैसाको खेल गरेर भ्रस्टाचारलाई संस्थागत गर्ने गर्दछ।

त्यसैले दलतन्त्र र त्यहाँभित्र हाबी वैयक्तिक स्वार्थको अन्त्य गरेर आम जनताको शासन स्थापित गर ाउनुको विकल्प छैन।"

कार्यक्रममा आजपाका उपाध्यक्ष बद्रीप्रसाद न्यौपाने, महासचिव उपेन्द्र साह, प्रवक्ता चन्द्र भूषण साह, स्थायी कमिटी सदस्य रविन्द्र सिंह लगायत सहभागी थिए।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा